# विश्रामपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## विश्रामपुर, बारा
### मधेश प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
चलानी नं.:-

मिति: २०८२।०५।२४ गते

सूचना ! सूचना !! सूचना !!!

**विषय: शोक विदा सम्बन्धमा ।**

प्रस्तुत विषयमा राजधानी काठमाडौं लगायत देशका विभिन्न स्थानहरुमा "GEN-Z" आन्दोलनका क्रममा सुरक्षाकर्मीको गोली लागी विद्यार्थीहरुले ज्यान गुमाई वीरगति प्राप्त गरेको र धैरै विद्यार्थि तथा युवाहरु घाइते भई विभिन्न स्वास्थ्य संस्थाहरुमा उपचाररत रहेको समाचारले सम्पूर्ण देश शोकाकुल बनेको छ। यस अमानवीय र हृदयविदारक घटनाप्रति विश्रामपुर गाउँपालिका गहिरो दुःख व्यक्त गर्दै मृतक महान् आत्माहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै शोक सन्तप्त परिवार प्रति गहिरो समवेदना सहित घाइते विद्यार्थिहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं।

यस दुःखद घडीमा मृतक आत्माको चिर शान्ति र परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै यस विश्रामपुर गाउँपालिकाको अधिकार क्षेत्र भित्रका अत्यावश्यक सेवा बाहेक सम्पूर्ण सरकारी कार्यालय तथा सामुदायिक विद्यालयहरु मिति २०८२।०५।२४ र २५ गते (दुई दिन) शोक विदा दिइएको हुँदा सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। साथै "GEN-Z" आन्दोलनको उचित मागलाई तत्काल सम्बोधन गर्न नेपाल सरकार समक्ष जोडदार माग गर्दछु।

यस बाट सेवाग्राहीमा पर्न गसएको असुविधा प्रति यस विश्रामपुर गाउँपालिका कार्यालय क्षमाप्रार्थी छौं।

२०८२/०५/२४

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

जुल्फकार अलि भुटो
गा.पा.अध्यक्ष

सुनिल प्रसाद केशरी
प्रमुख प्रशासकीय अधिकृत

Website : www.bishrampurmun.gov.np / Email: bishrampurgapa@gmail.com, Mobile No. : 9855015180, 9855031205

CamScanner